स्थानीय सरकार
# हेलम्बु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रोजगार सेवा केन्द्र
हेलम्बु, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

प.सं: २०८०/८१
च.नं.: १०३३

मितिः २०८०/१०/२६

विषयः न्यूनतम् रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धमा ।

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी (दोश्रो संशोधन) नियमावली, २०७७ को नियम ७ को उपनियम १ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ को उपदफा अथवा अनुसूची (१) बमोजिम आगामी आ.व. २०८१/८२ मा रोजगार सेवा केन्द्रबाट आर्थिक तथा सामाजिक अवसरबाट बञ्चित बेरोजगार ब्यक्तिहरुलाई प्रदान गरिने १०० (सय) दिन बराबरको न्यूनतम् रोजगारीमा संलग्न गराई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न सक्ने १८ वर्ष उमेर पुरा भई ५९ वर्ष ननाघेका ईच्छुक बेरोजगार ब्यक्तिहरुले बेरोजगार ब्यक्तिको सूचीमा सूचीकृत हुन आफु स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा आवश्यक कागजातहरु सहित मिति २०८० फागुन १ गते देखि ३० गतेभित्र तोकिएको ढाँचामा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

..............................
राजुभाइ श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

**आवश्यक कागजातहरु**

१.निवेदकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी १ प्रति
२.निवेदकले कुनै सीपमूलक तालिम लिएको भए सो को प्रतिलिपी १ प्रति
३.निवेदकको फोटो १ प्रति
४.परिवारमा रहेका ब्यक्तिहरुको नागरिकता प्रमाण पत्र वा जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपी १/१ प्रति (अनिवार्य)
५.बसाइसराई भएको भए सो को प्रमाण पत्रको प्रतिलिपी १ प्रति
(नोटः-बेरोजगार दर्ताका लागि दिने निवेदन वडामा उपलब्ध गराइनेछ।)

*E-mail: helamburm@gmail.com,* *Website: www.helambumun.gov.np*